## मिति २०८३ साल भाद्र ५ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५१ औ वैठकका निर्णयहरु।

प्रस्तावहरुः

१. तुलसीपुर उपमहानगरपालिकाको आ.व २०८२/०८३ को वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा।

२. तुलसीपुर क्षेत्रमा भएका दुई वटा सडक दुर्घटनाहरुका पिडितहरुलाई राहत उपलव्ध गराउने सम्वन्धमा।

३. गत आ.व मा भुक्तानि बाँकि योजना तथा कार्यक्रमहरुको भुक्तानी, म्याद सकिएका योजनाहरुको म्याद थपका लागि छलफल गर्ने सम्वन्धमा।

४. विज्ञापन कर, जडिवुटि कवाडी तथा जिवजन्तुहरुको आयकर ठेक्का व्यवस्थापन गर्न निर्देशन दिने सम्वन्धमा।

५. IEE प्रतिवेदन स्वीकृत गरी चुरे संरक्षण समितिवाट अनुमति लिन जि.स.स मा पेश गर्ने सम्वन्धमा।

६. "घ" वर्गको इजाजतपत्र नविकरण गर्ने सम्वन्धमा।

७. विविध।

निर्णयहरुः

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको आ.व २०८२/०८३ को वार्षिक समिक्षा कार्यक्रम मिति २०८३ भाद्र ८ गते तथा सार्वजनिक सुनुवाई कार्यक्रम २०८३ भाद्र १६ गते सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०८३ श्रावण २१ गते तुलसीपुर ०६, गुम्राह चोकमा भएको सडक दुर्घटनामा परि असामयिक निधन भएको श्री कल्पना के.सी को परिवारलाई मिति २०८३ श्रावण २२ गते भएको छलफल एवं सहमती अनुसार रु. एक लाख किरिया खर्च उपलव्ध गराउने, मृतक कल्पना के.सी. डाँगीको सम्झनामा तुलसीपुर ११ मा रु दश लाख सम्मको प्रतिक्षालय निर्माण गर्ने र मिति २०८३ श्रावण २४ गते उपचारका क्रममा असामयिक निधन भएका तुलसीपुर ०९ निवासी अनिल पुनका डेढ महिने शिशुको परिवारलाई रु. पचास हजार राहत उपलव्ध गराउने निर्णय गरियो।

साथै तुलसीपुर उपमहानगरपालिकाको तर्फबाट मृतकहरूको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्ने निर्णय गरियो।

सुवास चन्द्र शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम [illegible]
नगर प्रमुख

## मिति २०८३ साल भाद्र ५ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५१ औ वैठकका निर्णयहरु।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा गत आ.व मा भुक्तानी वाँकि योजना तथा कार्यक्रमहरुको भुक्तानी, म्याद सकिएका योजनाहरुको म्याद थप सम्वन्धमा नियमानुसार आवश्यक प्रकृया पुरा गरी समयमा कार्यसम्पादन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस तुलसीपुर उपमहानगरपालिका अन्तर्गत संकलन गरिने विज्ञापन कर, जडिवुटि, कवाडी तथा जिवजन्तुहरुको आयकर ठेक्का व्यवस्थापन गर्न राजश्व शाखा मार्फत आवश्यक प्रकृया अगाढी बढाउने निर्णय गरियो।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा *IEE को* प्रकृया पुरा गरी आई.ई.ई समितिवाट छलफल भई द अरुण भ्यालि ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली माडि-२ रोल्पाले तयार गरी पेश हुन आएका देहायका खोलाका विस्तृत IEE प्रतिवेदन स्वीकृत गरी चुरे संरक्षण समितिवाट अनुमति लिन जि.स.स मा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**देहायः**

| क्र.सं. | प्रभावित वडा | उत्खनन् क्षेत्र / घाटको नाम | नदी / खोला |
|---|---|---|---|
| १ | १२ | पशुपति मा. वि.को जग्गा देखि माथिको क्षेत्र | ग्वार खोला |
| २ | १४ | गोठुवा पुल देखि दक्षिणको क्षेत्र | ग्वार खोला |
| ३ | १२ | ग्वार खोला र बबइ नदि दोभान उत्तरको क्षेत्र | ग्वार खोला |
| ४ | १४ | ग्वार खोला र बबइ नदि दोभान पुर्वको क्षेत्र | बबइ नदि |
| ५ | १० | पातु खोला र भमके खोला दोभान दक्षिणको क्षेत्र | पातु खोला |
| ६ | ११ | मोतिपुर घाट | बबइ नदि |
| ७ | २, ८ | भमके खोला पक्कि पुल उत्तरको क्षेत्र | भमके खोला |
| ८ | १७ | मंगरी जमेरा क्षेत्र | संग्राम खोला |

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस तुलसीपुर उपमहानगरपालिका अन्तर्गत पेश हुन आएका "घ" वर्गको इजाजतपत्र नविकरणका लागि यस तुलसीपुर उपमहानगरपालिकाको "घ" वर्ग निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि, २०७४ मा उल्लेख भए वमोजिमका शर्त पुरा गरेका व्यवसायीहरुको नविकरण गर्ने निर्णय गरियो।

## मिति २०८३ साल भाद्र ५ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५१ औ बैठकका निर्णयहरु।

**निर्णय नं ७**

**निम्न विविध विषय माथि छलफल गरी निर्णय गरीयो।**

क) २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनमा तुलसीपुर उपमहानगरपालिकाको नयाँ प्रशासनीक भवन जलेर क्षति भएकोले सो भवनको पुनर्निर्माण कार्य सञ्चालन गर्न र तुलसीपुर उपमहानगरपालिकामा रहेको वसपार्कमा थप पूर्वाधारका स्विकृत कार्य गर्न नगर विकास कोषसंग ऋण सम्झौता गर्न नगर प्रमुख श्री टिकाराम खड्कालाई जिम्मा दिने निर्णय गरियो।

ख) यस कार्यालयमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन शाखामा करार सेवामा कार्यरत तुलसीपुर ०९, दाङ निवासी श्री यम वहादुर बि. क. यस कार्यालयको नियमित कामकाजको सिलसिलामा बिरामी भएको र निजको आर्थिक अवस्था समेत कमजोर भएकोले निजलाई औषधोपचारका लागि बढीमा रू. १,००,००० (अक्षेरेपी एक लाख रुपैंया) उपचार गर्दा लागेको विल भरपाईका आधारमा यस कार्यालयबाट राहत रकम स्वरुप उपलव्ध गराउने निर्णय गरियो।

ग) यस कार्यालयमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन शाखामा दैनिक ज्यालादारीमा कार्यरत तुलसीपुर ११, दाङ निवासी श्री गोपाल चौधरी मिति २०८३ श्रावण २१ गते कार्यालयको कामकाज गर्ने क्रममा भएको सडक दुर्घटनाको कारण थुनामा रहि अदालतवाट अन्तिम फैसला भएको मितिसम्म कानुनी प्रकृयाको क्रममा लागेको सम्पूर्ण आर्थिक खर्चको व्ययभार यस कार्यालयमार्फत भुक्तानी निर्णय गरियो।

घ) "तुलसीपुर उपमहानगरपालिकाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन सञ्चार रणनीति, २०८३" थप छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरियो।

ङ) तुलसीपुर उपमहानगरपालिकाको "पशु सेवा शाखाको कार्यक्रम सञ्चालन मापदण्ड, २०८३" स्विकृत गर्ने निर्णय गरियो।